



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

अनुमतिबेगर तेजाब वा अन्य घातक रसायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा विक्री बितरण गर्नु दण्डनीय अपराध हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क २३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ २३ गते आइतबार ❑ 6 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेश सभाको चौथो वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ माघ**

गण्डकी प्रदेश सभाले शनिबार वार्षिकोत्सव मनाएको छ। प्रदेश सभा सचिवालयमा स्वास्थ्य मापदण्ड अनुसार सहभागी भएर बाँकीलाई जुममार्फत् समेटेर अन्तरक्रिया गरी दिवस मनाइएको हो।



कार्यक्रममा पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले मुलुकको ठीक मध्यभागमा रहेको गण्डकी प्रदेशले राज्य निर्माणका लागि ठूलो योगदान पुऱ्याएको स्मरण गरे। उनले भने, 'गण्डकीले सम्पादन गर्नुपर्ने दायित्व जहिले पनि अब्बल रहनुपर्छ।'

संघीयताको मर्म र भावनालाई बुझेर अगाडि बढ्नु जरुरी रहेको भन्दै उनले केन्द्रमुखी भावनाले संघीयता मारमा परेको बताए। उनले भने, 'संघ सरकार अधिकार दिन चाहेको छैन, जुन विकासको वाधक बनेको छ।'प्रदेश पनि केन्द्रमुखी देखिएको उनको भनाइ छ। उनले भने, 'प्रदेशले समेत संघको, केन्द्रको मुख ताकेको देखिएको छ, प्रदेशले शक्तिको प्रयोग गर्ने अभ्यास गर्ने हो, अधिकार प्रयोग गर्ने हो। तत्कालीन अञ्चलाधीश र बडाहाकिमको जस्तो व्यवहार अब देखिनु हुँदैन।' केन्द्रले कानुन नबनाइदिएका कारण प्रदेशले कानुन बनाउन नपाएकोबारे आफूहरु गम्भीर रहेको उनको भनाइ थियो। उनले विकास र समृद्धि हो, राजवश्व केन्द्रमुखी छ, बजेट निर्माण पनि त्यही अनुसार गरिएका छ, यसले संघीयतालाई सबल बनाउन नदिँने भनाइ राखे। सुरुआती अवस्थामा जे भए पनि अब ४० प्रतिशत संघ र ६० प्रतिशत रकम प्रदेश र स्थानीय तहमा जानुपर्ने भनाइ उनले राखे। ठूला पूर्वाधार बनिसकेपछि केन्द्रमा २० र तल ८० प्रतिशत बजेट बिनियोजन हुनुपर्ने उनको तर्क थियो। उत्तरी गोरखाको भौगोलिक अवस्था निकै विकट रहेको भन्दै उनले विकासमा पछि परेको चुमनुब्री र धार्चे गाउँपालिको भूगोललाई समेटेर अलग्गै जिल्ला बनाउन पहल गर्न उनले प्रदेशसँग आग्रह गरे। उनले भने, 'भूगोल ठूलो छ, मनाङ र मुस्ताङमा ती पालिकाको जनसंख्या बढी छ।' प्रदेश संरचनाले प्रभावकारी रुपमा काम गर्न नसकेको भन्दै उनले उसका लागि जनप्रतिनिधि बढी उत्तरदायी हुन जरुरी रहेको बताए। गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मुलुकका ३ तहका सरकार स्थापनासँगै राज्यले नागरिकको नजिक पुग्ने प्रयास गरेको बताए।

नागरिकले पनि सहजरुपमा नजिकैबाट सेवा पाएको भन्दै उनले प्रदेशले आफूलाई मजबुत गर्दै केन्द्रमा मात्र केन्द्रित हुनुपर्ने अवस्थाको अन्त्य गरेको भनाइ राखे। उनले प्रदेश सभाले यो अवधिमा गरेको उपलब्धिको सरहाना गर्दै तर यसैमा चित्त बुझाएर नबस्न र अगाडि बढ्न आग्रह गरे। उनले भने, 'प्रदेश सभामा सहभागी सबै राजनीतिक दलहरुले एकीकृत रुपमा पहल गर्न जरुरी छ, जसरी राजनीतिक दल एक भएर राजनीतिक परिवर्तन सम्भव भयो, अब त्यसको उपलब्धि जोगाउने दायित्व पनि दलहरुकै हो।' गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश सभा अस्तित्वमा आएपछिका ४ वर्ष सफलतापूर्वक बितेका बताए। सबै सदस्यहरुको अनुभव प्रयोग गर्दै सरल तरिकाबाट प्रदेशको नामकरण र राजधानी घोषणा गरेर परिपक्वता देखाएको उनको भनाइ थियो। कतिपय अवस्थामा भएका कमी कमजोरीलाई सच्याउँदै संघीयतालाई थप मजबुत बनाउन जरुरी रहेको उनले बताए। विशेष बैठक, साझा संकल्प प्रस्तावका अतिरिक्त संसद बैठक अवरुद्ध हुँदा वार्तामार्फत नै सहमति गरे अगाडि बढाउने काम संसदबाट भएको उनको भनाइ थियो। विगतमा निर्माण भएका कानुनमा परिमार्जन गर्दै अब पाइपलाइनमा रहेका विधेयकलाई घनिभूत रुपमा छलफल गरी पारित गर्न मुख्यमन्त्री पोखरेलले आग्रह गरे। सभामुख नेत्रनाथ अधिकारीले शून्यबाट उठेर प्रदेश सभाले ४ वर्षको अवधिमा ठूलो उपलब्धि हासिल गरेको भनाइ राखे। काम गर्ने सन्दर्भमा भएका कमजोरी सुधार गर्दै प्रदेश सभा अगाडि बढ्ने उनले बताए।

कार्यक्रममा संविधान सभा सदस्य खीमलाल देवकोटाले राज्य शक्तिको प्रयोग गर्ने भएकाले संघीयतलाई मलजल गर्नका लागि प्रदेश सभाले जति भूमिका निर्वाह गरेको त्यसका लागि धन्यवाद व्यक्त गरे। उनले भने, 'यतिमात्र पर्याप्त भएको छैन, अझ पहल र प्रयास गर्न जरुरी छ।' पूर्वमन्त्री एकनाथ ढकालले असल नजीर स्थापना गरी भावी पिंढीले स्मरण गर्ने गरी काम गर्न शुभकामना दिए। संविधान सभा सदस्य अमृता थापा संविधानको मर्म अनुसार ३ तहका सरकार अगाडि बढेका छन् यी ३

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## स्याङ्जामा जिप दुर्घट्नामा दुईको मृत्यू

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २२ माघ**

शुक्रवार राती स्याङ्जाको बिरुवा गाँउपालिकामा जिप दुर्घट्ना हुदा २ जनाको मृत्यू भएको छ।

ग १ ज ५९३९ नम्वरको जिप भित्री सडक धवादी भन्ने भिरबाट खसेर दुर्घट्ना हुदा बिरुवा गाँउपालिका ३ का जिप चालक र सहचालकको मृत्यू भएको हो। बेलुका अन्दाजी साढे ८ बजे जिप दुर्घट्ना भएको अनुमान गरिएको छ। बिहान घाँस काट्न जाने महिलाहरुले देखे पछि प्रहरीलाई खबर भएको बताइएको छ। जिप चालक बिरुवा गाँउपालिका ३ का २६ बर्षिय बेलबहादुर थापा र सोही ठाँउका ३२ बर्षिय भेषबहादुर थापा मृत्यु भएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरिक्षक राजेन्द्र अधिकारीले जानकारी दिए। स्थानीय सुत्केरी महिलालाई छाडेर खाली गाँउ आउदै गर्दा दुर्घट्नामा परेको बताइएको छ। कच्ची सडक, घुमाउरो घुम्ती, खराब मौसम र रातको समय भएकाले जिप चिप्लीएर दुर्घट्नाभएको हुन सक्ने अनुमान प्रहरीको छ। जिप कच्ची सडकबाट करिव ५ सय मिटर तल खसेको थियो। मृत्यू भएकादुवै जनाको शव छुट्टाछुट्टै अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। शनिवार बिहानबाटोमा हिड्ने एक स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेपछि मात्रै जिप दुर्घट्नामा परेको थाहा हुन आएको हो। रातको समयमा जिपदुर्घट्ना भएको र बिहान मात्रै थाहा पाएकाले घाईते अवस्थामा उद्धार गर्न नपाइएको स्थानीयले बताएकाछन्।

दुबै शवको जिल्ला अस्पताल स्याङ्जामा पोष्टमार्टम गरी आफन्तलाई बुझाइने प्रहरीले जनाएको छ।

## नेका गण्डकी प्रदेश कार्यालयको उद्‌घटन गर्न केन्द्रीय नेताहरु पोखरा आउँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ माघ**

नेपाली काँग्रेस गण्डकी प्रदेश कार्यालयको आइतबार उद्घाटन हुने भएको छ।

पोखरा महानगरपालिका-३ तेर्सापट्टी, गिरिजाचोकमा रहेको कार्यालयकोउद्घाटननेपालीकाँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गर्ने कार्यक्रम रहेको शनिवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। वरिष्ठनेतापौडेलसँगैनेपालीकाँग्रेसका उपसभापति धनराज गुरुङ, सहमहामन्त्री जिवन परियार, नेता गोपलामान श्रेष्ठ, नेता डा. शशांक कोइरालको पनि सहभागिता रहने नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले जानकारी दिए।




'उहाँहरुसँगै गण्डकी प्रदेशबाट केन्द्रमा प्रतिनिधित्व गर्ने सवै नेताहरुलाई खवर गरेका छौं' सभापति शर्माले भने, 'गण्डकी प्रदेशका नेताहरुको सहभागितामा कार्यालयको विधिवतरुपमा उद्घाटन गर्ने छौं।' गण्डकी प्रदेशका गतिविधिलाई चुस्त वनाउन दुइ वर्षका लागि सम्झौता गरी तेर्सापट्टीमा रहेको घर भाडामा लिई कार्यालय स्थापना गरेको शर्माले जानकारी दिए। 'संगठनलाई मजवुद वनाउँदै आगामी निर्वाचनमा गण्डकी प्रदेशमा काँग्रेसलाई विजयी गराउँनका लागि कार्यालय स्थापना गरेर काम अगाडि बढाउँने छौं' शर्माले भने,' तत्काल भाडमा कार्यालय सञ्चालन गरेपनि आफ्नो कार्यकालमा स्थायीरुपमै कार्यालय स्थापना गरेर छाड्ने छौं।' कोभिडका कारण खुल्ला ठाँउमा ठूलो कार्यक्रम गर्न नसकेको बताउँदै शर्माले कार्यलय परिषरमै हुने कार्यक्रममा गण्डकी प्रदेशका पार्टी भित्रकै परिवार मात्रै बोलाएको जानकारी दिए। वातवरण सहज भएपछि छिट्टै नै गण्डकी प्रदेशले आमसभा गर्ने उनले जानकारी दिए। कार्यक्रममा सहिद क्या. यज्ञबहादुर थापाको जिवनीमा लेखिएको पुस्तक पनि विमोचन गरिने भएको छ। कार्यक्रममा नेपाली काँग्रेस गण्डकी प्रदेशका उपसभापति कल्पना तिवारी, महामन्त्री किरणबाबु श्रेष्ठ र प्रवक्ता माधव बास्तोला मधुले बोलेका थिए।

## सार्दीखोलामा निर्माण हुने मोटरेवल पुलको शिलन्यास

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ माघ**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले विभिन्न पालिकाहरुमा सडक तथा पुलहरु निर्माण भएसंगै उत्पादन गर्न तर्फ ध्यान केन्द्रित हुनुपर्ने बताएका छन्।



कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नम्बर २ र ३ सहित पालिका जोड्ने मार्दीखोला मोटरेवल पुलको शनिबार एक समारोहका बिच शिलन्यास गर्दै मन्त्री बरालले राज्यको लगानीमा पालिकाहरुमा सडक तथा पुल निर्माणमा भएको लगानी स्वरुप स्थानियहरुले समेत आफ्नो गाँउ ठाँउमा माटो सुहाउदो उत्पादन गर्नैपर्नेमा जोड दिएका हुन्। माछापुच्छ्रे गाउँपालिकामा तीन वटा पुलहरु निर्माण गर्ने सन्दर्भमा रिभान खहरे र डाडाँगाउँ र भेडावारी जोड्ने पुल निर्माण कार्य सम्पन्न भएको मन्त्री बरालले जनाए। अझै माछापुच्छ्रे गाउँपालिकाको चक्रपथ तथा रिङ रोडको हिसावले धिप्राङखोला र मर्दी खोलामा पुल बन्न आवश्यक भएको उनले दाबी गरे। दुबै पुलको डिपिआर समेत निर्माण भएकोले आगामी बर्षमा बहुबर्षीय योजनामा अघि बढ्ने मन्त्री बरालले विश्वास व्यक्त गरे। संघियताको कारण उक्त क्षेत्रमा पुलहरु निर्माण हुने वातावरण भएको उनको भनाई थियो। प्रदेश सरकारले आन्तरिक श्रोतको दायराको खोजि गरेको बताएका मन्त्री बरालले करको दर भन्दा यसको दायराको खोजि अभियानमा आफुहरु लागेको बताए। करको मात्रा सकेसम्म घटाउदै यसको दायरा भने बढाउने पक्षमा आफुहरु लागेको उनले जनाए। ठेक्का कम्पनीहरुले लागत स्टमेट भन्दा घटेर ठेक्का पार्ने तर काम भने समयमै र गुणस्तरीयतामा भने ख्याल नगरेमा उनीहरु उपर सरकारले कारवाही गर्न बाध्य हुने चेतावनी समेत दिए।

माओबादी केन्द्रका नेता समेत रहेका मन्त्री बरालले प्रतिगमनको रुप फेरीएको उल्लेख गर्दै नयाँ रुपमा प्रतिगमन आउन थालेकोले यस प्रति सवै सचेत हुनुपर्नेमा जोड दिए। आगामी निर्वाचन वैशाखमै हुने बताउदै मन्त्री बरालले संघियताको संरक्षणको लागि प्रतिगमन बिरुद्ध अझै गठबन्धन मिल्नु नै पर्ने अबस्था रहेको उनको भनाई छ।संघियतालाई जति मजबुद पार्दै लगिन्छ त्यती नै जनताका आवश्यकताहरु पूरा गर्न सहज हुने मन्त्री बरालले दाबी गरे।

१० करोड २८ लाख ५७ हजार ६ सय ४ रुपैयाको लागतमा आगामी दुई बर्षमा उक्त पुल निर्माण हुने भएको पूर्वाधार विकास कार्यालय कास्कीका प्रमुख महेन्द्र बानियाले बताए। स्टील स्टक्चरको संरचनामा निर्माण हुने उक्त पुलको संरचनामा बढी सचेत हुनुपर्ने उनको भनाई थियो। हिमदुङ एण्ड थोकर/रामजानकी जे.भि. कन्स्टक्सनका प्रतिनिधि निर्मल सिटौलाले आगामी २ बर्ष भित्र गुणस्तरियता कायम गर्दै उक्त पुल निर्माण कार्य सम्पन्न गर्ने बताए। माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष कर्णबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको उक्त समारोहमा माछापुच्छ्रे गाउँपालिका वडा नम्बर २ का अध्यक्ष बिक्रम गुरुङ, माछापुच्छ्रे ३ का अध्यक्ष सुर्य प्रसाद लम्साल, नेपाली कागेंसका प्रतिनिधि मिन बहादुर गुरुङ, माओबादी केन्द्र गण्डकी प्रदेश सदस्य प्रविना अधिकारी, माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ३ का सचिव एकनाथ पौडेल लगायतले मन्त्री बरालकै बिषेश पहलमा उक्त पुल निर्माण हुने भएकोले बाँकी रकम समेत व्यबस्था गर्न माग समेत गरेका थिए। सरकार परिवर्तन भएको अबस्थामा उक्त पुलको योजना प्रभावित भएको अबस्थामा मन्त्री बराल सहितको जनप्रतिनिधिहरुको बिषेश पहलमा उक्त पुल निर्माण शुभारम्भ भएको माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष गुरुङले जनाए। ७० मिटर लामो स्टिल स्टक्चरमा उक्त पुल निर्माण हुने भएको उनले जनाए। उक्त पुलको अभावमा बर्षादको समयमा वारपार गर्न स्थानियलाई निकै कठिनायी हुने गरेको स्थानियले बताएका छन्। यसैबिच गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले शनिबार सेती नदी जलबिद्युत आयोजनाको अध्ययन तथा अवलोकन समेत गरेका छन्। उक्त आयोजनामा हालसम्म करिब ४० प्रतिशत निर्माण कार्य सम्पन्न भएको रेसिडेण्ट इन्जिनीयर रामराज कोइरालाले बताए।

माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोला स्थित भराभरीमा निर्माण हुन लागेको सेती नदी जलविद्युत आयोजना डिसेण्डिङ वेसिन (पाइप सिस्टम) बाट निर्माण हुन लागेको २५ मेगावाट क्षमताको उक्त जलबिद्युत परियोजनाको काम हाल तिव्र गतिमा अघि बढेको बुटवलको भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडका कार्यकारी अध्यक्ष जगत पोखरेलले बताए।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जनकल्याण समितिको अध्यक्षमा पुन: देवराज बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ माघ**

पोखरा महानगरपालिका वडा नं १३ सिद्धकालिका स्थित जनकल्याण समितिको १२औ अधिवेशन एवं ३३ औ साधारण सभाबाट देबराज बराल पुनः अध्यक्षमा चयन भएका छन् ।

शनिवार भएको अधिवेशनवाट प्रथम उपाध्यक्षमा विस्णु कार्की, द्धित्तिय उपाध्यक्षमा शिब केसी, महासचिवमा गोबिन्द आचार्य, कोषाध्यक्षमा गणेश आचार्य र सचिवमा बिनोदराज आचार्य चयन भएका हुन । त्यसैगरी सदस्यहरुमा क्रमश शिब प्रसाद बराल, कृष्ण राज गौतम, शितला क्षेत्री, ईन्द बहादुर कुंवर, रामचन्द्र कार्की (सेते), शान्ती केसी, लेख वहादुर थापा



रहेका निर्वाचन संयोजक माधव प्रसाद आचार्यले बताए ।

शिक्षाविद् तथा तथा नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले जनकल्याण भनेको जनताको सेवा गर्ने सस्था भएकाकोले सदस्यहरुको हित सँगै समाजको हितका पक्षमा अगाडि बढ्न अनुरोध गरे । सामाजिका कार्यसँगै वातवरण र स्वास्थ्य लगायतका क्षेत्रमा अगाडि बढ्नु पर्ने सभापति वरालको धारणा रह्यो । हरियाली वातवरण मैत्री विचमा स्थित जनकल्याण समाजले ध्यान तथा अध्ययन गर्ने केन्द्रको रुपमा विकास गर्नु पर्नेमा सभापति वरालले जोड दिए ।

समितिको विकासको लागि कुनै पनि कार्यमा सदैव साथ रहने सभापति वरालले वचन बद्धता गरे । जनकल्याण समितिका अध्यक्ष देवराज वरालको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार नविन सिग्देल लगायत वोलेको कार्यक्रममा समितिका प्रथम उपाध्यक्ष विष्णु कार्कीले स्वागत र महासचिव कुमार केसीले साहित्यमय वातवरणमा संचालन गरेका थिए ।

# ओरालो लाग्दै संक्रमण, एक हजार ७१४ संक्रमित थपिए

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ माघ**

पछिल्ला केही दिनयता कोरोना सङ्क्रमण ओरालो लाग्न थालेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार शनिबार आठ हजार ५३१ नमूना परीक्षण गर्दा एक हजार ७१४ मा सङ्क्रमण पुष्टि भएको छ । यससँगै नेपालमा हालसम्म पीसीआर विधिबाट नौ लाख ६५ हजार २२२ र एन्टिजेन विधिबाट परीक्षण गर्दा एक लाख ३४ हजार ८१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सक्रिय सङ्क्रमितको सङ्ख्या ५२ हजार ७८० छ । शनिबार चार हजार ७७१ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् । हालसम्म नौ लाख ६३९ कोरोनामुक्त भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । शनिबार सङ्क्रमणबाट नौ जनाले ज्यान गुमाएका छन् । हालसम्म कोरोना सङ्क्रमणबाट ११ हजार ८०३ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

# चिकित्सकले प्रोत्साहन भत्ता नपाएको गुनासो

**पोखरापत्र संवाददाता**
**दमौली, २२ माघ**

स द र म् ु का म ि स्थ त दमौली अस्पतालमा कार्यरत चिकित्सकले १८ महिनादेखि प्रोत्साहन भत्ता पाएका छैनन् । अस्पतालमा कार्यरत चिकित्सकले विसं २०७७ साउनदेखि हालसम्म प्रोत्साहन भत्ता पाउन नसकेका हुन् ।

अस्पतालमा कार्यरत डा. आस्था रेग्मी, डा. राजु राना मगर, डा. दिवस ढकाल, डा. सुनयन सुवेदी, डा. सिन्चन पाण्डे, डा. पुजा सैजु, डा. प्रशन्न कार्की, डा. अभिनन्दन तिवारी, डा. सञ्जिव भण्डारी, डा. कृष्ण गिरी र डा. सुशील विकले १८ महिनादेखि प्रोत्साहन भत्ता नपाएको गुनासो गरेका हुन् ।

अस्पतालमा छात्रवृत्ति करारमा कार्यरत चिकित्सकले गत असोज महिनादेखि तलब पनि पाएका छैनन् । तलब नपाएपनि चिकित्सकहरूले बिना पारिश्रमिक काम गरिरहेका छन् । कोभिड महामारीमा ज्यान जोखिममा राखी गरेको कामको लागि सरकारले जोखिमभत्ता दिने निर्णय गरेपनि अस्पतालमा कार्यरत चिकित्सकले भने भत्ता नपाएको गुनासो गरेका छन् । काम बापत निरन्तर पाउनुपर्ने तलबभत्ताको लागि बारम्बार ताकेता गर्दापनि अस्पताल विकास समितिबाट मौखिक आश्वासन दिने काम बाहेक अन्य केही हुन नसकेको अस्पतालका डाक्टर सिन्जन पाण्डेले बताउनुभयो । विगत लामो समयदेखि तलबभत्ता बिना काम गरिरहँदा पनि सुनुवाई नभएकाले चिकित्सक हतोत्साही भएको उहाँले बताउनुभयो ।

तलबभत्ता निकासाका लागि पहल गरिदिन माग गर्दै अस्पतालमा कार्यरत करार चिकित्सकले प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याललाई ज्ञापनपत्र बुझाएका छन् । तलबभत्ता उपलब्ध नभएमा दैनिक कामकाज गर्न असमर्थ हुने ज्ञापनपत्रमा उल्लेख गरिएको छ । "अस्पतालका प्रमुखलाई माघ १६ गते नै निवेदन दिइसकेका छौ, एक हप्ताको समय बितिसक्दा पनि केही उपलब्धी नहुँदा हामी अस्पतालका चिकित्सक माघ २३ गते आइतबारदेखि दैनिक कामकाजबाट पछि हट्न बाध्य भएका छौं" ज्ञापनपत्रमा भनिएको छ, "यसबाट सेवाग्राहीलाई हुन जाने असहजताका लागि क्षमाप्रार्थी छौं ।" दमौली अस्पतालका प्रमुख डा. सुनिल पौडेलले अस्पतालमा कार्यरत चिकित्सकलाई तलबभत्ता प्रदान गर्न पहल भइरहेको बताउनुभयो । "बजेट निकासा नभएका कारण यो समस्या आएको हो, यसबारेमा सम्बन्धित निकायमा ध्यानाकर्षण गराइसकेका छौं", उहाँले भन्नुभयो । उहाँले अस्पतालमा कार्यरत दुई जना विशेषज्ञ डाक्टरको तलब अर्थ मन्त्रालयले निकासा गरेपनि करारमा कार्यरत चिकित्सकको हकमा भने बजेट निकासा नगरिदिँदा समस्या भएको जानकारी दिनुभयो ।

# जनप्रिय मावि २०४९ व्याचका विद्यार्थीहरुको पुर्नमिलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ माघ**

पोखरा-८, सिमलचौरस्थित जनप्रिय माविबाट २०४९ सालमा एसएलसी परिक्षा दिएका भूपू विद्यार्थीहरुको भेटघाट तथा पुर्नमिलन कार्यक्रम भएको छ ।

शनिवार भएको भेटघाटका क्रममा भूपू विद्यार्थीहरुले विद्यालय कालका अविस्मरणिय क्षणहरु आपसमा साटे । लामो समयपछिको भेटका क्रममा केहि साथीहरुले एकले अर्कालाई राम्रोसंग चिन्न पनि हम्मे हम्मे परेको थियो । सोही अवसरमा उनीहरुले वर्तमानमा आफु आवद्ध संस्था, रोगजार तथा वर्तमानका



बारेमा चर्चा गरे । त्यसो त २९ वर्ष पछिको पुर्नमिलनको संयोग सामाजिक सञ्जालमार्फत सम्भव भएको हो । सामाजिक सञ्जालमार्फत पुराना साथीहरुको पुर्नमिलनमा भूमिंका निर्वाह गर्ने चन्द्र गिरी, चन्द्रकिशोर ज्ञवाली, चन्द्रविलास भूर्तेल लगायतका साथीहरुलाई कार्यक्रममा उपस्थित भएकाहरुले धन्यवाद ज्ञापन गरे । आफुहरु संस्थागत ढंगबाटै समाज उत्थानका लागि सामाजिक कार्यमा क्रियाशिल बन्नुपर्ने भेलाले निचोड निकालेको छ ।

समुहलाई क्रियाशिलता प्रदान गर्नका लागि केशवबहादुर थापा र गंगा थापालाई संयोजनकारी भूमिंकाको जिम्मा समेत प्रदान गरेको छ । भेलाले अर्को भेट फागुण १४ का लागि तय गर्दै सो मितिमा उपस्थित हुन सम्भव भएका सम्पूर्ण साथीहरुलाई आव्हान गरेको छ । उनीहरुले आफु पढेको विद्यालयको शैक्षिक विकासमा सक्दो सहयोग पुर्‍याउने प्रतिवद्धता समेत गरे । भेलामा पोखराका मनोज अधिकारी, जमुना गुरुङ्, सरस्वती गुरुङ्, मनोज रानाभाट, रुद्रप्रसाद पराजुली, हेमन्त कार्की, मुना राना र लक्ष्मी खड्का सहभागि थिए ।

# गण्डकी...

तहका सरकारको प्रभावकारिता अझ बढाउँदै जानुपर्ने भनाइ राखिन् । नयाँ संरचनाको संस्थापक भएकाले प्रदेश सभा सदस्यहरुको अझ बढी दायित्व रहेको उनको भनाइ थियो । उनले ३ तहका सरकारबीच समन्वयमा जोड दिइन् । संविधान सभा सदस्य डा. भीष्म अधिकारीले संघीयताको शैशवकालमा हामी रहेका अवस्थामा धेरै कानुनहरु बनेका छन्, बनेका कानुन कार्यान्वयनमा जोड दिनुपर्ने बताए । प्रदेशको उन्नतीका लागि अझै रचनात्मक कानुनहरु ल्याउन उनले आग्रह गरे । प्रतिनिधि सभा सदस्य विनोद चौधरी प्रदेश सभाले गरेका गतिविधि अति नै उत्कृष्ट रहेको भन्दै प्रशंसा गरे । प्रतिनिधि सभा सदस्य देव गुरुङले संघीयतालाई मजबुत बनाउँदै प्राप्त उपलब्धिलाई जोगाउन प्रदेश संरचना सचेत रहन आग्रह गरे ।

सहभागीलाई स्वागत गर्दै उपसभामुख सिर्जना शर्माले कोरोना महामारीका कारण धेरै जना सहभागी भएर कार्यक्रम गर्न असमर्थ भएकाले भर्चुअल गरिएको बताइन् । ४ वर्षको अवधिमा प्रदेश सभाले निकै राम्रो उपलब्धि हासिल गरेको भनाइ उनको भनाइ थियो । प्रदेश सभा सचिवालयका सचिव हरिराज पोखरेलले प्रदेश सभाले हालसम्म ५० वटा कानुन पारित गरेको भन्दै ती कानुनले नागरिकको हितमा कति काम गरेका छन् भनेर समीक्षा गरिनुपर्ने बेला अब आइसकेको भनाइ राखे । वार्षिकोत्सवका अवसरमा प्रकासन गरिएको स्मारिका उक्त अवसरमा विमोचन गरिएको छ । ३ तहको निर्वाचन सकिएलगत्तै २०६४ माघ ७ गते प्रदेश सभा सदस्यहरुको सपथग्रहण भएको थियो भने माघ २२ मा पहिलो बैठक बसेको थियो । यस अववधिमा ८ अधिवेशन र २ वटा विशेष अधिवेशन भएका छन् ।

# विद्युतीय कारोबारमा ठगीको गुनासो बढ्दै: सचेत रहन राष्ट्र बैंकको आग्रह

**रासस**
**काठमाडौं, २२ माघ**

पछिल्लो समय आर्थिक कारोबारमा विद्युतीय माध्यमको प्रयोग बढ्दो छ । विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको आधुनिक उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण यस्ता कारोबारमा उल्लेख्य वृद्धी भएको देखिन्छ ।

केन्द्रीय बैंकको सार्वजनिक पछिल्लो तथ्याङ्कानुसार चालु आर्थिक वर्षको गत मङ्सिर महिनामा मात्रै रु ४८ खर्ब ४५ अर्ब भन्दा धेरै रकम विद्युतीय माध्यमबाट कारोबार भएको छ । जसमा आरटिजिए मार्फत मात्रै ३४ खर्ब ७७ अर्ब भन्दा बढीको कारोबार भएको छ । बैंकको विवरणानुसार गत आवको मङ्सिर महिनामा विद्युतीय कारोबार रु २३ खर्ब ७७ अर्ब भन्दा बढीको थियो । कारोबार तथा भुक्तनीमा एटिएम, वालेट, मोबाइल बैंकिङ, कनेक्ट आइपिएस, क्यूआर कोडमा आधारित भुक्तानी प्रणालीलगायत माध्यमको प्रयोग उल्लेख्य रुपमा बढेको छ । आर्थिक कारोबारमा विद्युतीय माध्यमको प्रयोग उल्लेख्य रुपमा वृद्धि हुँदै गर्दा विभिन्न नाममा ठगी पनि बढ्दै गएको छ । चिठ्ठा परेको भन्ने प्रलोभन, मोबाइल एप्लिकेशनको दुरुपयोग, अपरिचित व्यक्तिबाट आफ्नो पासर्वड तथा ओटिपी विभिन्न वहानामा माग गरिनु जस्ता क्रियाकलाप बढेको भन्दै नेपाल राष्ट्र बैंकले सर्वसाधारणलाई त्यस बारे सजग र सुरक्षित रहन सुझाव दिएको छ ।

केन्द्रीय बैंकले शुक्रबार विद्युतीय माध्यमबाट वित्तीय कारोबार गर्दा हुनसक्ने जोखिमका सम्बन्धमा सर्वसाधारणका लागि सूचना जारी गर्दै विभिन्न विद्युतीय उपकरणको माध्यमबाट घरमै बसेर कारोबार गर्दा आपराधिक व्यक्ति तथा समूहले विभिन्न प्रयोग गरी ग्राहकलाई ठगी गरिरहेको भन्ने गुनासा बढ्न थालेकाले विद्युतीय भुक्तानीमा विशेष ध्यान दिन प्रयोगकर्तालाई अनुरोध गरेको छ ।

अहिलेको समयमा सामाजिक सञ्जालमार्फत चिनेजानेका मान्छेको नाममा रकम माग गर्ने, बैंकबाट फोन गरेको भनी ईन्टरनेट बैंकिङ अथवा मोबाइल बैकिङको युजरनेम तथा पासर्वड माग्ने, नक्कली वेवसाइट बनाई ग्राहकका गोप्य सूचनाहरु लिने, ठूलो रकमको चिठ्ठा परेको भनी लोभ देखाई रकम हस्तान्तरण गर्ने बहानामा उल्टै रकम माग गर्ने, गैरकानुनी उपकरणमा लगानी गर्न उत्प्रेरणा गर्ने जस्ता क्रियाकलाप बढ्दै गएको भन्दै यस प्रकारका ठगी बाट बच्न र सुरक्षित कारोबार गर्न सर्वसाधारणलाई राष्ट्र बैंकले सूचनामार्फत ध्यानाकर्षण गरेको छ । केन्द्रीय बैंकले अपरिचित व्यक्तिलाई आफ्नो पासर्वड, ओटीपी वा अन्य कुनैपनि संवेदनशील जानकारी नदिन, आफ्नो पासर्वड समयसमयमा परिवर्तन गर्न तथा यस्ता पासर्वड गोप्य राख्न भनेको छ । त्यस्तै सर्वसाधारणलाई अपरिचित व्यक्तिले सामाजिक सञ्जाल वा कुनै विद्युतीय माध्यमबाट म्यासेज पठाइ रकम पठाउन आग्रह गरेमा रकम पठाउनुअघि सोही व्यक्तिले रकम माग गरे नगरेको व्यहोरा अन्य माध्यमबाट यकीन गरेर मात्र त्यस्तो रकम पठाउन आग्रह गरेको । त्यस्तै अनावश्यक तथा अनधिकृत एप्लिकेशन मोबाइल वा अन्य उपकरणमा डाउनलोड गर्दा आफ्ना संवेदनशील सूचनाहरु आपराधिक समूहले पत्ता लगाउन सक्ने भएकाले त्यस्ता अनावश्यक तथा अनधिकृत एप्लिकेशन प्रयोग नगर्न बैंकले सुझाएको छ । सामाजिक सञ्जाल लगायत प्रणालीको प्रयोग गरेर रकम भुक्तानी गर्ने बहानामा बारकोड तथा क्यूआर कोड पठाएर अथवा एप्लिकेशनको पासवर्ड आवश्यक छ भनेर माग गरेमा त्यस्ता कार्यलाई शङ्कास्पद मानेर सचेत रहन समेत राष्ट्र बैंकले सूचनामार्फत सर्वसाधारणलाई आग्रह गरेको छ ।

राष्ट्र बैंकले वेबसाइटमार्फत कारोबार गर्नुअघि आधिकारिक वेवसाइट हो वा होइन यकीन गरेर मात्र कारोबार गनुपर्नेमा जोड दिएको छ । आधिकारीक वेबसाइटको सुनिश्चितता पश्चातमात्र आर्थिक कारोबार गर्नुपर्नेमा बैंकले जोड दिएको छ । विभिन्न माध्यमबाट आर्थिक कारोबार गर्दा आँफू ठगिएको शङ्का लागेमा अथवा त्यस बारे गुनासा रहेमा कारोबार गर्ने बैंक तथा वित्तीय संस्था एवम् राष्ट्र बैंकमासमेत सम्पर्क गरी गुनासो वा उजुरी दर्ता गर्न सकिने राष्ट्र बैंकले जनाएको छ ।


प्यारालाइसिसका विरामीको उपचार

यस हस्पिटलमा विशेष छुटका साथ प्यारालाईसिसका विरामीको उपचार भैरहेको जानकारी गराउदछौ । प्रेसरले हानेर प्यारालाईसिस भएका विरामीको मात्र उपचार गरिन्छ ।

लक्षणहरू :
- शरिरको एक हर नचल्ने ।
- मुख बाङ्गो भएको ।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- हिड्न नसक्ने । खुट्टा, हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# सवारी दुर्घटना रोक्ने उपाय खोज

सवारी दुर्घटनामा परि एकै दिन १६ जनाले ज्यान गुमाएका छन् । सवारी दुर्घटनामा ज्यान गुमाउने मात्र होइन घाइते हुनेको संख्या अझ बढी छ । केही दिनदेखि सवारी दुर्घटनामा परि ज्यान गुमाउने र घाइते हुनेका संख्या बढेको समाचार सार्वजनिक हुँदा पनि सरकारको ध्यान जान सकेको छैन । देशका विभिन्न जिल्लामा भएका सवारी दुर्घटनामा शनिबार १६ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । प्रहरीका अनुसार प्युठान, सुनसरी, सिरहा, रुपन्देही, स्याङ्जा र धादिङमा भएका छुट्टाछुट्टै दुर्घटनामा १६ जनाको ज्यान गएको पीडादायी खवरले झस्काएको छ ।

प्युठानको गौमुखी गाउँपालिका-६ ओखरपाटा भन्ने स्थानमा विवाहको दुलही लिएर फर्कँदै गरेको ग १ ज ५०९२ नम्बरको जिप सडकबाट १५० मिटर तल खसेर शनिबार बिहान भएको दुर्घटनामा ८ जनाको मृत्यु भएको छ । रातिको समय र चिसोले गर्दा समयमै उद्दार हुन सकेन । प्रहरीका अनुसार ६ जनाको घटनास्थल मै र २ जनाको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो । दुर्घटनाका पाँच घाइते भएकामध्ये २ जनाको जिल्ला अस्पतालमा उपचार भइरहेको र र तीनजनालाई थप उपचारको लागि बुटबल पठाइएको सुनसरीको भोक्राहा नरसिहं गाउँपालिका-३ खुनिया पुलस्थित सडकमा ना ८ ख ८४९३ नम्बरको बस र ना २ ख २९९६ नम्बरको ट्रक गएराति एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ । उक्त दुर्घटनापश्चात आगलागी भएको र त्यसमा परेर उनीहरूको मुत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका २७ जनाको सुनसरी र विराटनगरको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

सिरहा, गोलबजार नगरपालिका-४ स्थित सडकमा ना १ ज ५९१२ नम्बरको गाडीको ठक्करबाट मिर्चैया नगरपालिका-६ बस्ने ४५ वर्षीय ब्रह्मदेव ठाकुरको मृत्यु भएको छ । रुपन्देही, तिलोत्तमा नगरपालिका-९ स्थित सडकमा लु ३७ प ६३५१ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई दुर्घटना हुँदा स्कुटर चालक सोही नगरपालिका-१५ कोटिहवा बस्ने २४ वर्षीय सुशान्त बस्यालको मृत्यु भएको छ । स्याङ्जा, विरुवा गाउँपालिका-३ धोवादीस्थित भित्री सडकमा ग १ ज ५९३९ नम्बरको जिप सडकदेखि अन्दाजी ५०० मिटर तल खसेर शनिबार दुर्घटना हुँदा २ जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाइएको छ । धादिङको धुनिवेशी नगरपालिका-१ बन्चरेस्थित सडकमा प्र३-०१-००३ क ७२५५ नम्बरको जेसिबी आफैं अनियन्त्रित भई सडकबाट अन्दाजी ४० मिटर तल खोल्सामा खसेर भएको दुर्घटनामा पहिचान नखुलेका एक व्यक्तिको मृत्यु भएको छ ।

सवारी दुर्घटनाका कारण ज्यान गुमाएका परिवारको पीडा दुखदायी छ । घाइतेहरूको उपचारमा हुने खर्च र पीडितका परिवारले कति कष्ट ब्यहोर्नु पर्छ त्यो झन दर्दनाक छ । सरकारले सवारी दुर्घटनालाई कहिल्यै गम्भीरतापूर्वक लिएन। अन्य दुर्घटना हुँदा सरकार र समाजले चासो दिने तर सवारी दुर्घटनामा चासो नहुनु मानवीय समवेदना हराउँदै जानू हो । मानवीय समवेदना गुमाएको ठाउँ मुर्दा शान्ति जस्तै हो । देशको ठूलो जनशक्ति गुमाउनुपरेको अवस्थालाई सरकारले बेवास्ता गर्नु गैरजिम्मेवारी हो । घाइतेको उपचारार्थ हुने खर्च,पीडित परिवारले भोग्नुपरेको समस्याप्रति सरकार र समाजको ध्यान जानुपर्छ । दुर्घटना हुन नदिन र न्युनिकरण गर्न के गर्न सकिन्छ भनेर सचेतना अभियान चलाउनुपर्छ । दुर्घटना कुनै ब्यक्ति, परिवारको समस्याको नठानी समाज र देशको समस्या हो भन्ने सम्झनु आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : मानसिक तनाब |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : कार्यमा सफलता | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# व्यासद्वारा विधेयक पारित

**पोखरापत्र संवाददाता**
**तनहुँ, २२ माघ**

व्यासनगरपालिकाकोशुक्रबार सम्पन्न ३६ औं नगर सभाले चार विधेयक र तीन संशोधन ऐन पारित गरेको छ । स्थानीय बजार व्यवस्थापन विधेयक २०७८, व्यास नगरपालिका सुशासन विधेयक २०७८, खेलकुद विकास विधेयक, २०७८ र कर्मचारी कल्याण कोष सञ्चालन( कार्यविधि) विधेयक २०७८(पारित) गरेको हो ।

त्यसैगरी, आर्थिक ऐन २०७८, विनियोजन ऐन २०७८, व्यास नगरपालिका कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन २०७८(संशोधन) गरेको छ । आ.व २०७८/०७९ को लागि ३५ औं नगर सभामा नगर प्रमुख बैकुण्ठ न्यौपानेबाट प्रस्तुत नीति तथा कार्यक्रम र समिक्षात्मक प्रतिवेदन संशोधन सहित पारित गरेको छ ।

आव २०७८/०७९ का लागि उपप्रमुख मीरा जोशीबाट प्रस्तुत रु.एक अर्ब ७७ करोड ८९ लाख १२ हजारको संशोधित वजेट तथा कार्यक्रम संशोधन सहित पारित गरिएको छ ।

# प्रेस चौतारी २४औँ वर्षमा

**पोखरापत्र संवाददाता**
**तनहुँ, २२ माघ**

प्रेस चौतारी नेपाल स्थापनाको २४औं वर्षमा प्रवेश गरेको छ । विसं २०५५ मङ्सिरमा आयोजित भेलाले गठन गरेको तदर्थ समितिले २०५५ माघ २२ गते विजय चालिसेको नेतृत्वमा संस्था दर्ता गराएको थियो ।

सोही दिनको स्मरणमा आज चौतारीले केन्द्रस्तरसहित विभिन्न जिल्लामा कार्यक्रम तय गरेको छ । चौतारीका अध्यक्ष गणेश बस्नेतका अनुसार आजै हृदयचन्द्र सिंह प्रधान स्मृति पत्रकारिता पुरस्कार', अग्निशिखा स्मृति पत्रकारिता पुरस्कार' लगायत पुरस्कारबाट पुरस्कृत हुने पत्रकारको नाम घोषणा गरिनेछ ।

आजकै लागि चौतारीको नवौँ राष्ट्रिय महाधिवेशन पोखरामा तय गरिएकामा कोभिड-१९ को तेस्रो लहरका कारण स्थगन गरिएको जनाइएको छ ।

# भूमि आयोग र तनहुँका स्थानीय तहबीच सहमतिपत्रमा हस्ताक्षर

**पोखरापत्र संवाददाता**
**दमौली, २२ माघ**

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि भूमि आयोग तनहुँले जिल्लाका सबै पालिकासँग सम्झौता गरेको छ ।

हालै मात्र गठन भएको आयोगले जिल्लाका नौ स्थानीय तहसँग सम्झौता गरेको हो । शुक्लागण्डकीनगरपालिकासँगयस अगाडी नै सम्झौता भइसकेको छ । भूमि आयोगका अध्यक्ष रामचन्द्र अधिकारीका अनुसार व्यास नगरपालिका, भिमाद नगरपालिका, भानु नगरपालिका, देवघाट गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकासँग सम्झौता गरिएको छ । यसअघिको आयोगले गरेका कामलाई वर्तमान आयोगलेनिरन्तरतादिनेअधिकारीले बताउनुभयो । जिल्लाका सबै पालिकाले यस अगाडि नै भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन गरिसकेको छ । “यसअगाडिको आयोगले जति काम सम्पन्न गरेको छ, हामी त्यहीँबाट कामलाई निरन्तरता दिन्छौँ”,उहाँलेभन्नुभयो,“त्यसबेला फाराम भर्न छुट भएकाले अब फाराम भर्न मौका पाउँछन् ।” पहिल्यै फारम भरिसकेकाले पुनः फाराम भर्न नपर्ने अधिकारीले बताउनुभयो । “केही कारणले पहिला कोही छुट भएका छन् भने उनीहरुलाई मौका दिइनेछ, भरिसकेकाले पुनः भर्नुपर्दैन”, अधिकारीले भन्नुभयो । पैतीस दिने सूचना प्रकाशित गरी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलनको तयारी गरिएको अधिकारीले बताउनुभयो। यसअगाडिकोआयोगलेजिल्लाका १० स्थानीय तहमा करिब २६ हजार भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन गरेको थियो ।

# सरस्वती पूजा

**रासस**
**काठमाडौं, २२ माघ**

प्रत्येक वर्ष माघ शुल्क पञ्चमीको दिन गरिने सरस्वती पूजा विधिपूर्वक आज गरिँदै छ ।

यस अवसरमा विशेष गरी विद्यार्थी, लेखक, कवि, पत्रकार, कलाकारलगायतले सरस्वती, किताब, कपी, कलम, बाध्ययन्त्रलगायत साधनको पूजा गरिनेछ । विद्यालयमा विशेष रुपमा सरस्वतीको पूजा गर्ने गरेको यसवर्ष कोरोनाका कारण विद्यालय बन्द रहेकाले घरघरमा नै विद्यार्थीले सरस्वतीको पूजा आराधाना गर्दै छन् ।

यस अवसरमा लाजिम्पाटको निल सरस्वती, स्वयम्भूको सरस्वती मन्दिर, ललितपुरको लेलेस्थित सरस्वती कुण्ड एवं देशभरका सरस्वती मन्दिरमा पूजा गर्ने भक्तजनको भीड लाग्छ । यसवर्ष स्वास्थ्य मापदण्ड पालना गरी पूजा आराधाना गरिँदै छ ।

यस अवसरमा हुनुमान ढोकास्थित नासल चोकमा आज वसन्त श्रवण गरिँदै छ । वसन्त श्रवणको लागि बिहान १०:३० बजेको साइत रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । वसन्त श्रवणमा कवि जयदेवले रचना गर्नुभएको सरस्वतीसम्बन्धी श्लोक पाठ गर्ने परम्परा रहेको हुनुमान ढोका दरबार हेरचाह अड्डा कार्यालयका प्रमुख सन्दीप खनालले जानकारी दिनुभयो । यो पाठ १५ श्लोकको रहेको छ ।

आजका दिन वसन्त श्रवण गरिने भएकाले यो पर्वलाई वसन्त पर्व पनि भनिन्छ । वसन्त श्रवणमा राष्ट्राध्यक्ष, सरकार प्रमुख, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रधानन्याधीशलगायत विशिष्ट व्यक्तित्वको नासल चोकमा उपस्थिति रहने चलन छ ।

# हिमपातका कारण दैनिक जीवनयापनमा समस्या

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ माघ**

हिमपातका कारण मुस्ताङ र म्याग्दीको ग्रामीण क्षेत्रमा यातायात सेवा अवरुद्ध भएको छ । मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम र सदरमुकाम जोमसोमदेखि जिल्लाका पाँचवटै स्थानीय तह र वडाका केन्द्र जोड्ने सडक अवरुद्ध भएका हुन् ।

प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले सडकमा हिउँ जमेपछि सवारी साधन आवतजावत हुन नसकेको बताउनुभयो । “आन्तरिक र बाह्य यातायात सम्पर्क बिच्छेद भएको छ”, उहाँले भन्नुभयो, “हिउँ पर्न रोकिएपछि एक्जाभेटर परिचालन गरेर सडक खुलाउने योजना बनाएका छौँ ।” बेनी-जोमसोम सडकको लेते-जोमसोमखण्ड, जोमसोम-मुक्तिनाथ र कागबेनी-कोरला सडकमा यातायातका साधन नचलेकाले स्थानीयवासी, तीर्थयात्री र पर्यटक गन्तव्यमा पुग्न सकेका छैनन् । ढुवानी र बिकास आयोजनाको काम पनि ठप्प भएको छ । बिहीबार दिउँसोदेखि सुरु भएको हिमपात आज बिहान रोकिए पनि सबैतिर तीन फिट बाक्लो हिउँ जमेकाले जोमसोम विमानस्थलबाट हवाई उडान पनि हुन सकेको छैन । पहाडी बस्ती र डाँडा सेताम्मे भएका छन् । उपल्लो मुस्ताङको तापक्रम माइनस १५ डिग्रीमा झरेको छ । खोला, धारा र कुवामा पानी जमेको छ । घरभित्रै बसेका सर्वसाधारणले हिउँ पगालेर पानी उपयोग गरेका छन् । चौंरी, भेडा र च्याङ्ग्रालाई सुक्खा घाँस खुवाएर गोठमै राखिएको छ । मुस्ताङमा अहिले दोस्रो पटक हिमपात भएको हो । यसअघि गत पुस दोस्रो हप्ता हिमपात भएको थियो । हिमपातले स्याउ र हिउँदेबालीलाई फाइदा गरेको कृषि ज्ञानकेन्द्रका प्रमुख प्रकाश बस्ताकोटीले बताउनुभयो । हिउँले जमिनको सतहबाट भित्री सतहसम्म सिँचाइ गर्ने भएकाले अन्नबाली सप्रिनाका साथै फलफूल र तरकारीमा सिंचाइ हुने उहाँले बताउनुभयो । स्याउको फूल खेल्न र परागसेचन प्रक्रियाका लागि माइनस डिग्रीको तापक्रम आवश्यक पर्छ । उपल्लो मुस्ताङमा माइनस १५ डिग्री तापक्रमपुगेकाले स्थानीयवासीको जनजीवन अस्तव्यस्त बनेको छ । हिमपातका कारण म्याग्दीको ग्रामीण क्षेत्रको यातायात सेवा रोकिएको र दरबाङ-मुना, पोखरेबगर-चित्रे, फलामेडाँडा राम्चेलगायत ग्रामीण सडकमा हिउँ थुप्रिएपछि यातायातका साधन थन्किएका छन् ।

हिउँले पैदलमार्ग अवरुद्ध बनाएपछि धवलागिरि गाउँपालिका वडा नं १ गुर्जामा यातायात सम्पर्क बिच्छेद भएको त्यहाँका वडाध्यक्ष झंक छन्त्याललले बताउनुभयो । उहाँका अनुसार २५० घरधुरीले उपभोग गर्दै आएको गुर्जाको इङलेखोला लघु जलविद्युत् परियोजना पनि बन्द भएको छ । धवलागिरि गाउँपालिका-२ लुलाङका वडाध्यक्ष गमप्रसाद विकले हिमपातसँगै बढेको चिसोले जनजीवन कष्टकर बनेको बताउनुभयो । आवतजावत गर्न र गाईबस्तुलाई आहाराको समस्या भएको उहाँले जानकारी दिनुभयो ।

# हिउँ खेल्न छिम्केश्वरीमा

**पोखरापत्र संवाददाता**
**दमौली, २२ माघ**

तनहुँको आँबुखैरेनी गाउँपालिका-५ स्थित छिम्केश्वरीमा हिमपात भएपछि आन्तरिक पर्यटक हिउँ खेल्न पुगेका छन् ।

जिल्लाको सबैभन्दा अग्लो स्थानमा रहेको यस ठाउँमा शुक्रबार हिमपात भएपछि हिउँ खेल्न आन्तरिक पर्यटक छिम्केश्वरी उक्लिएका हुन् । छिम्केश्वरीमा शुक्रबार बिहानैदेखि आन्तरिक पर्यटकको चहलपहल बढेको वडाध्यक्ष पञ्चबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार शुक्रबार एक सयभन्दा बढी पर्यटक छिम्केश्वरी पुगेका थिए । आज पनि हिउँ बाँकी रहेकाले बिहानैदेखि आन्तरिक पर्यटक छिम्केश्वरी उक्लिएको उहाँले जानकारी दिनुभयो । “छिम्केश्वरी मन्दिर र बुढीदेवीमाई मन्दिर आसपास आज पनि हिउँ बाँकी छ, आज बिहानैदेखि पनि आन्तरिक पर्यटक छिम्केश्वरी उक्लिएका छन्”, उहाँले भन्नुभयो, “चार दशकपछि परेको हिमपातले छिम्केश्वरीको प्रचारप्रसारमा सहयोग पुगेको छ ।” समुन्द्र सतहबाट दुई हजार एक सय ३४ मिटर उचाइमा अवस्थित छिम्केश्वरीमा यस अगाडी विसं २०३५ सालमा हिमपात भएको थियो । त्यसयता यहाँ हिउँ परेका थिएन । छिम्केश्वरीमा ४३ वर्षपछि पहिलो पटक हिमपात भएको हो । हिमपात हुने छिम्केश्वरी तनहुँकै एकमात्र स्थान हो । गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ । यही विश्वासका साथ नयाँ वर्ष र फागुपूर्णिमाको दिन छिम्केश्वरीमा भक्तजनको भीड लाग्ने गरेको छ । सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरीलेकमै अवस्थित छन् भने साइली गोरख कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । छिम्केश्वरीबाट धौलागिरी, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रे लगायतका हिमाल आँखै अगाडी हेर्न सकिन्छ । पृथ्वीराजमार्गस्थित आँबुखैरेनीबाट लाब्दीसम्म १५ किमि कच्ची सडकमा जीप यात्रा र त्यसपछि पदयात्रा मार्फत् छिम्केश्वरी पुग्न सकिन्छ ।

# ताराखोलाले बनायो प्रशासनिक भवन

**पोखरापत्र संवाददाता**
**गलकोट, २२ माघ**

बागलुङ जिल्लाको ताराखोला गाउँपालिकाको प्रशासनिक भवनको निर्माण सकिएको छ । ठेक्का सम्पन्न गर्ने सम्झौता मितिअगाडि नै सुविधा सम्पन्न प्रशासनिक भवन बनेको ताराखोला गाउँपालिकाले जनाएको छ ।

रु पाँच करोडको लागतमा निसान/आचार्य/वि.के जेवी निर्माण कम्पनीले पाँच महिना अगावै ताराखोला गाउँपालिकामा लिफ्ट सुविधासहित अपाङ्गमैत्री प्रशासकीय भवन निर्माण गरेको हो । लिफ्टसहितको सुविधासम्पन्न सो भवन जिल्लाकै पहिलो प्रशासनिक भवन हो । नेपालमा सङ्घीयता लागू भएपछि स्थानीय सरकारलाई प्रशासनिक कार्यका लागि सुविधासम्पन्न भवनको अभाव हुँदै आएको थियो। ताराखोला गाउँपालिकाले हालसम्म प्रशासनिक शाखा कार्यालयहरू सार्वजनिक तथा निजी भवन भाडामा लिएर कार्य सम्पादन गर्दै आएका छन् । गाउँपालिकाले साबिक अर्गल गाविसको भवनबाट कार्य सम्पादन सुरुआत गरेको थियो । भवनलाई स्तरोन्नति गरी प्रशासनिक कार्य सम्पादन गर्दै आएकामा गण्डकी प्रदेश सरकारको ६० प्रतिशत अनुदान र गाउँपालिकाको ४० प्रतिशत गरी कूल रु पाँच करोडको लागतमा ठेक्का प्रक्रियाबाट भवन निर्माण सुरु गरेको गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले जानकारी दिनुभयो । उहाँले नवनिर्मित प्रशासकीय भवनबाट फागुन १ गतेदेखि सेवा दिने तयारीमा रहेको बताउनुभयो । “अहिलेको भवन निकै साँघुरो थियो, सेवा प्रवाहमा निकै समस्या थियो”, अध्यक्ष घर्तीले भन्नुभयो, “नयाँ प्रशासनिक भवन निर्माण भएसँगै सेवा प्रवाहमा समेत सहज हुने अपेक्षा रहेको छ ।”

निसान/आचार्य/वि.के जेवी निर्माण कम्पनीले २०७७ असार २० गते रु पाँच करोड १० लाख सात हजार लागतमा भवन निर्माण गर्नका लागि सम्झौता गरेको थियो । २०७९ साल असार २० गते सम्पन्न गर्नुपर्नेमा ६ महिनाअगाडि नै भवन निर्माण सकिएको र माघ महिनाभित्रै गाउँपालिकालाई हस्तान्तरण गरिने निर्माण कम्पनीका प्रतिनिधि ओमप्रकाश घर्तीले बताउनुभयो ।

तीनतलाको लिफ्टसहितको भवनमा ३०० क्षमताको सभाहल, योजना शाखा, आइटी शाखा, प्राविधिक शाखा, राजस्व, लेखा र स्टोर, उपाध्यक्ष कक्ष, कानुनी कक्ष, सार्वजनिक कक्ष, पुस्तकालय, सुरक्षा कक्ष, अध्यक्ष कक्ष र प्रशासकीय अधिकृत कक्ष रहने गाउँपालिकाले जनाएको छ । एकपटकमा ६ जना चढ्न मिल्ने लिफ्ट अहिलेको अत्यन्तै आधुनिक लिफ्ट भएको र त्यसको मूल्य रु ३५ लाख परेको गाउँपालिका अध्यक्ष घर्तीले बताउनुभयो । ताराखोलाको स्थानीय ढुङ्गा टाँसेर भवनलाई आकर्षक तथा परम्परागतसमेत बनाइएको छ ।

# धार्मिकस्थल ‘छाङ्छाङ्दी’ ओझेलमा

–तोलाकान्त बगाले

वालिङ, २२ माघ

अहिले माघ महिना, श्रीस्वस्थानी व्रतकथा चलिरहेको छ । घर-घरमा श्रीस्वस्थानी व्रतकथा श्रवण गरेर बस्ने प्रचलन रहिआएको छ । श्रीस्वस्थानी व्रतकथाको महिमा जति भएपनि सोही कथासँग जोडिएको ‘छाङ्छाङ्दी’ भने ओझेलमै छ ।

स्याङ्जाको भीरकोट नगरपालिका ४ तथा वालिङ नगरपालिकाको सीमामा अवस्थित ‘छाङ्छाङ्दी’ पौराणिक, ऐतिहासिक, धार्मिक एवं पर्यटकीय दृष्टिले प्रचुर सम्भावना हुँदाहुँदै पनि प्रचार प्रसारको अभावमा ओझेलमा परेको हो। सुनौली-पोखरा जोड्ने सिद्धार्थ राजमार्गअन्तर्गत वालिङ र बयरघारीको बीचभागमा रहेको यो पवित्र धार्मिक तिर्थस्थलमा अपेक्षाकृतरुपमा भक्तजनहरु आउन नसक्नुको मुख्य कारण यसको प्रचार प्रसार हुन नसकेको बताउनुहुन्छ छायाँक्षेत्र (शिवमन्दिर) सेवा समितिका अध्यक्ष पिताम्बर श्रेष्ठ ।

“धार्मिक, ऐतिहासिक एवं पर्यटकीय दृष्टिले यसको महिमा हुँदाहुँदै पनि आन्तरिक तथा बाह्य भक्तजनलाई आकर्षित गर्न सकिरहेका छैनौं”, उहाँले भन्नुभयो, “यसको महिमालाई देशका प्रसिद्ध धार्मिक तिर्थस्थलहरुसँग जोड्दै जानेगरी तयारी थालेका थियौं तर कोभिडका कारण निरन्तरता दिन सकेनौं ।” यस ठाउँको महिमालाई अझै व्यापकरुपमा प्रचार प्रसार गरेर धार्मिक पर्यटकको आकर्षणको केन्द्रकोरुपमा स्थापित गर्नका लागि थालिएको अभियानलाई पुनः निरन्तरता दिँदै जाने उहाँले बताउनुभयो ।

यस ठाउँको विकासका लागि गुरुयोजना बनाएर बृहत्तररुपमा अगाडि बढ्ने समितिको योजना छ । मन्दिर परिसरमा १०८ शिवलिङ्ग, पार्क, साँघुरो भूबनोटलाई फराकिलो र आवश्यकताअनुसारका भौतिक संरचनाहरु निर्माण गर्दै लगिने उहाँले बताउनुभयो । मन्दिर परिसरमा हाल ५० जनासम्म अट्न सक्ने क्षमताको धर्मशाला, २१० जना क्षमताको सभाहल, शिवजीको मुर्ति तथा अष्टचिरञ्जीवीको स्थापनासँगै मन्दिरसम्म पुग्न र फर्किनका लागि छुट्टाछुट्टै सिँढी मार्ग निर्माण गरिएको छ ।

विशेष गरी महाशिवरात्रि, हरिबोधनीलगायतकाएकादशीहरु, साउन महिनाभर यहाँ भक्तजनहरु आउने गरेका समितिका सचिव कृष्णप्रसाद श्रेठले बताउनुभयो । मन्दिरको मुख्य आम्दानीकोरुपमा आजीवन सदस्यता, दानपेटिका, तथा सहयोग रसिदमार्फत प्राप्त हुने रकम मुख्य रहेका छन् । “विश्वव्यापी महामारीकोरुपमा फैलिएको कोभिड १९ को सङ्क्रमणका कारण मन्दिरमा दर्शनार्थीहरुको उपस्थिति निक्कै कम छ”, सचिव श्रेष्ठले भन्नुभयो, “जसले गर्दा आम्दानीको स्रोत पनि घटेको छ ।” ऐतिहासिक धार्मिक स्थल भएर पनि प्रचार प्रसारको अभावमा ओझेलमा परेकाले यसको प्रचार प्रसारकालागि देशका विभिन्न शक्तिपीठहरुमा जाने, शहर बजार तथा सडकका छेउछाउहरुमा होर्डिङ बोर्डहरु राख्ने, ब्रोसरहरु वितरण गर्ने सचिव श्रेष्ठले बताउनुभयो ।

यस ठाउँको महिमाकाबारेमा धेरैभन्दा धेरैलाई जानकारी दिन सकियो भने यहाँ आउने वातावरण बन्न सक्ने दावी समितिको छ । सतिदेवीको शेष रहेको अङ्ग यस ठाउँमा पतन भएको किंवदन्ती श्रीस्वस्थानी ब्रतकथामा उल्लेख भएपनि यहाँ श्रीस्वस्थानीसँग सम्बन्धित कुनै धार्मिक कार्यहरु हुन सकेको छैन । सतिदेवीको मृत शरीरलाई बोकेर हिड्नेक्रममा विभिन्न ठाउँमा अङ्गहरु पतन हुँदै गएको र यहाँ आईपुग्दा बाँकी रहेका अङ्गहरु पतन भएको किंवदन्ती रहेको उहाँ बताउनुहुन्छ । “बौलाहा अवस्थामा सतिदेवीको मृत शरीर लिएर हिँडेका महादेवले आँफूसँग भएको त्रिशूलले चट्टानलाई कोपेर पानी निकाली प्यास मेटाएको र सोही पानी छहरा बनेर छङ्छङ् गर्दै बहेको छ”, उहाँले भन्नुभयो, “त्यस्तै मन्दिर रहेको ठाउँभन्दा माथि मगर समुदायको वस्ती रहेको छ, मगरभाषामा ‘डी’ भनेको पानी हुने र छङ्छङ् ‘डी’ बाट अपभ्रंश भएर ‘छाङ्छाङ्दी’ रहन गएको हो भन्ने दुईथरी किंवदन्ती रहेको छ ।” यस ठाउँमा स्याङ्जासहित आसपासका जिल्लाबाट भक्तजनहरु आउने गरेका छन् ।

# प्रतिकूल मौसमका कारण मह उत्पादनमा कमी

पोखरापत्र संवाददाता

लमजुङ, २२ माघ

लमजुङमा यस वर्ष घर पालुवा मौरीको मह उत्पादनमा कमी आएको छ । गत वर्षको तुलनामा यस वर्ष मह उत्पादनमा कमी आएको मौरीपालक कृषक बताउँछन् ।

प्रतिकूल मौसम, शीतलहरका साथै विभिन्न रोगका कारण मह उत्पादनमा कमी आएको बताइएको छ । गत वर्षको तुलनामा यो वर्ष आठ टन मह उत्पादनमा कमी आएको कृषि ज्ञान केन्द्र लमजुङले जनाएको छ । कार्यालयका सूचना अधिकारी मदन रेग्मीका अनुसार यस वर्ष ११ हजार ५०० मौरी घारबाट ३० टन मह उत्पादन भएको छ । गत वर्ष जिल्लाका किसानले ११ हजार एक सय मौरीका घारबाट ३८ टन मह उत्पादन गरेको थियो । त्यस्तै विसं २०७६ मा नौ हजार ५०० मौरी घारबाट ३४ टन मह उत्पादन भएको थियो भने विसं २०७५ मा पाँच हजार ९०० मौरी घारबाट ३२ टन मह उत्पादन भएको कार्यालयले जनाएको छ । यस वर्ष जिल्लामा प्रतिकिलोग्राम महको मूल्य रु ८५० देखि ९०० सम्म रहेपनि किसानले रु एक हजारसम्ममा बिक्री गरेका छन् । महको बिक्रीबाट यस वर्ष रु एक करोड ३६ लाख आम्दानी गरेको सूचना अधिकारी रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा उत्पादन गरिएको मह काठमाडौं, पोखरा, चितवनलगायत र जिल्लाभित्रकै सहरबजारमा समेत राम्रो खपत हुँदै आएको छ । बैंसीसहर नगरपालिका-४ पुरानोकोटका मौरीपालक किसान बेनबहादुर गुरुङले गत वर्ष ९६ क्विन्टल मह उत्पादन गर्नुभएको थियो । तर यस वर्ष असोज महिनामा बढी वर्षा भएका कारण जम्मा पौने ६ क्विन्टल मह उत्पादन भएको कृषक गुरुङको भनाइ छ । उहाँले भन्नुभयो, “मैले गत जेठमा २१५ वटा मौरीसहितको घार बिक्री गरे । यतिका मह १४१ वटा मौरीको घारबाट उत्पादन गरेका हुँ । यस वर्ष वर्षाले मेरो मात्र होइन, तुलानात्मक रूपमा अधिकांश कृषकको मह उत्पादन घटेको उहाँको भनाइ छ ।

नेपाल मौरीपालक महासङ्घ जिल्ला शाखा लमजुङका उपाध्यक्ष तथा सुन्दरबजार नगरपालिका-११ का दुव्र दुराले पनि सोचेकोभन्दा कम मह उत्पादन गर्नुभएको छ । उहाँले भन्नुभयो, “गत वर्ष ४५ वटा मौरीका घारबाट डेढ क्विन्टल मह उत्पादन गरेका थिए, यस वर्ष त झन मौरी घार थपेर ९० वटाबाट गत वर्षभन्दा दोब्बर उत्पादन होला भनेको थिए तर डेढ क्विन्टल मात्र उत्पादन भयो ।” जिल्लाका कृषकहरूले आधुनिक मौरी घार र आधुनिक प्रविधिको प्रयोगले मह उत्पादन गर्न थालेका छन् ।

नेपाल मौरीपालक महासङ्घ जिल्ला शाखा लमजुङका अनुसार जिल्लाको सबैभन्दा बढी उत्पादन हुने सुन्दरबजार र बैंसीसहर नगरपालिका तथा मर्स्याङ्दी गाउँपालिका रहेका छन् । शाखामा दर्ता भएका ३८२ जनाभन्दा बढी मौरीपालक किसान छन् । मौरीपालक किसानलाई मौरी व्यवसायमा आकर्षित गर्दै मह उत्पादनमा वृद्धि गर्नका लागि यस वर्ष कृषि ज्ञान केन्द्र, बैंसीसहर र सुन्दरबजार नगरपालिकालगायत विभिन्न स्थानीय तहहरूले ५० प्रतिशत अनुदानमा आधुनिक मौरी घार, मौरीसहितको मौरी घारलगायत विभिन्न उपकरणहरू वितरण गरेको थियो । जिल्लाको मध्यनेपाल नगरपालिका, दूधपोखरी गाउँपालिका-४, ५ र ६, सुन्दरबजार नगरपालिका-५ र बैंसीसहर नगरपालिका-२ लाई मौरी पकेट क्षेत्रका रूपमा रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

जिल्लामा पचास प्रतिशत अनुदानमा गोलासहितका ५०० र खाली घार एक हजार २०० वटा किसानलाई वितरण गर्नुका साथै मौरीजन्य उपकरणसमेत वितरण गरिएको केन्द्रले जनाएको छ ।

# ललितपुरको हरिसिद्धि नेपाल क्यान्सर हस्पिटल

पोखरापत्र संवाददाता

पोखरा, २२ माघ

अर्बुद (क्यान्सर) रोगको उपचार नेपालमा नै दक्ष विशेषज्ञ चिकित्सकबाट हुने गरेको छ । पहिले क्यान्सर भएपछि भारत लगायत विदेशमा जानुपर्ने रहेकामा अहिले नेपालमा नै अत्याधुनिक उपकरणसहित विशेषज्ञ सेवाका चिकित्सकबाट हुने गरेको छ ।

नेपालमा नै भक्तपुर रहेको क्यान्सर अस्पताल, चितवनको विपी कोइराला क्यान्सर अस्पताल, वीर अस्पतालमा (क्यान्सर युनिट), ललितपुरको नेपाल क्यान्सर अस्पताल एन्ड रिसर्च सेन्टर, झापाको विर्तामोडमा रहेको पूर्वाञ्चल क्यान्सर, अस्पताल, काठमाडौं क्यान्सर केयरमा क्यान्सर रोगको दक्ष विशेषज्ञ चिकित्सकसहित उपचार हुने गर्दछ ।

नेपाल सहित विश्वभर ‘ बढ्दैछ चुनौती क्यान्सरको पहुँच बढाऔं स्याहारको’ भन्ने नाराका साथ क्यान्सर दिवस मनाइँदै छ । शरीरको कोष वा कोषिकाको समूहको अस्वाभाविक वृद्धि नै क्यान्सर रोग हो । जसलाई एक किसिमका गिर्खा वा ट्यूमर पनि भनिन्छ । क्यान्सर धुम्रपान सुर्तीजन्य पदार्थ तथा मद्यपानको सेवन, अस्वस्थकर खाना, वंशाणुगत कारण, विकिरणको प्रभाव, जीवाणु तथा विषाणुका कारण, वातावरण प्रदूषणको कारणले हुने गर्दछ। क्यान्सरबाट बच्नका लागि धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन नगर्ने, मद्यपान नगर्ने, सन्तुलित र स्वस्थ खाना खाने, नियमित शारीरिक कसरत तथा व्यायम गर्नुपर्दछ । नेपालमा बर्सेनि २५ हजार नयाँ क्यान्सर रोगी थपिने गरेको र २० हजार क्यान्सरका कारणले निधन हुने गरेका छन् । सरकारले यसै वर्षदेखि क्यान्सर रोगको उपचारको पहुँच सबैमा पुऱ्याउन राष्ट्रिय अर्बुद रोग रणनीति लागू गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिए । । नेपालमा फोक्सोको क्यान्सर, स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर र मुखको क्यान्सर हुने गर्दछ । विश्वमा धेरै मृत्यु हुने रोगमध्ये क्यान्सरबाट हुने गर्दछ । नेपालमा निजी क्षेत्रबाट सञ्चालनमा रहेको पहिलो ललितपुरको हरिसिद्धिमा रहेको नेपाल क्यान्सर हस्पिटल एन्ड रिसर्च सेन्टरले ‘नेपालीको क्यान्सरको उपचार नेपालमा नै’ भन्ने नाराका साथ क्यान्सर बिरामीको उपचार गरिरहेको छ । सेन्टरका प्रमुख कार्यकारी अधिकृत डा बच्चुकैलाश कैनीले आफूहरूले दक्ष विशेषज्ञसहित क्यान्सर रोगको उपचार गरिरहेको बताए । विसं २०६९ मा स्थापना भएको सेन्टर अहिले १३९ शैया रहेको छ । सेन्टरमा मेडिकल ओन्कोलोजिष्ट, सर्जिकल आन्कोलोजिस्ट, रेडियोलोजिस्ट, विकिरण अन्कोलोजिस्ट, विशेषज्ञ सेवासहितका चिकित्सक रहेका छन् । सेन्टरले विदेशमा उपलब्ध हुने अत्याधुनिक प्रविधिहरूलाई भित्र्याई एउटै छानामुनि बिरामीको आर्थिक पहुँचभित्र रही गुणस्तरीय क्यान्सर उपचार सेवा दिइरहेको छ। ‘अस्पतालमा विश्वस्तरीय एउटा अत्याधुनिक क्यान्सर उपाचार केन्द्रका रूपमा स्थापित भएकाले विज्ञ तथा अत्यन्त अनुभवी चिकित्सक एवं अत्याधुनिक उपकरण र प्रविधिको सहयोगले हामीले क्यान्सर बिरामीको उपचार सेवा गरिरहेका छौं’, प्रमुख कार्यकारी अधिकृत डा कैनीले भने, ‘सेन्टरले नेपालीहरूले आफ्नो क्यान्सरको उपचारका लागि विदेश जानुपर्ने बाध्यताको अन्त्य गर्दै सम्पूर्ण चरणको विभिन्न क्यान्सरको सफलतापूर्वक उपचार गरिरहेका छौं ।’ यस्तै अस्पतालले क्यान्सर रोगको निदान तथा उपचारका लागि चाहिने सम्पूर्ण सुविधासहित अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीयक्यान्सरसेवारेडियोथेरापी, किमोथेरापी, टार्गेटेड (लक्षित) थेरापी, इमिनोथेरापी आदि सेवा उपलब्ध गराउँदै आइरहेको छ । हामी विद्यमान वैधानिक व्यवस्थाका अधीनमा रही हाम्रो सेवालाई गुणस्तरीय र सुरक्षित बनाइरहेका छौं, प्रमुख कार्यकारी अधिकृत (सिइओ) डा कैनीले भने । ।

अस्पतालले अहिलेसम्म एक हजार २५० जनाको शल्यक्रिया, किमोथेरापी १६ हजार ९००, रेडियोथेरापी, ७००, इमिनोथेरापी १५, टार्गेटेड (लक्षित) थेरापी, २०० जना बिरामीको उपचार गरेको छ । अस्पतालमा दैनिक १५० जना मानिस उपचार गर्न आउने गर्दछन् । अस्पतालमा आएका कुनै पनि क्यान्सरका बिरामीहरू आर्थिक समस्याले उपचारबाट वञ्चित नहोस् भन्नका लागि गरिब, विपन्न, बिरामीलाई निःशुल्क उपचार गरिरहेको छ । अस्पतालले स्वीकृत शैयाको १० प्रतिशत बिरामीलाई सरकारको निर्देशनअनुसार निःशुल्क सेवा प्रदान गर्दै आएको छ ।

यस्तै सरकारको निर्देशनअनुसार क्यान्सर बिरामीहरूलाई उपलब्ध गराउने सङ्घीय सरकारको रु एक लाख र बागमती प्रदेश सरकारको रु ५० हजार उपलब्ध गराई विपन्न वर्गका नागरिकलाई उपलब्ध गराउँदै आएको छ । सेन्टरका मेडिकल डाइरेक्टर डा बिजेश घिमिरेले नेपालमा नै क्यान्सर रोगको उपचार दक्ष विशेषज्ञ चिकित्सबाट हुने गरेको बताए । उनले अस्पतालमा क्यान्सर विशेषज्ञले मात्र क्यान्सरको शल्यक्रिया गर्ने गरेको भने । निको नहुने बिरामीलाई लक्षण हेरेर पनि अस्पतालमा उपचार गर्ने गरेको उनले बताए । ‘अब क्यान्सरको उपचार गर्न भनेर विदेश नै जानु पर्दैन’, उनले भने ।, ‘नेपालमा नै क्यान्सरका बिरामीको उपचार गर्नका लागि अत्याधुनिक उपकरणसहितका अस्पताल रहेका छन् । हाम्रो अस्पतालमा पनि क्यान्सर रोगको विशेषज्ञ सेवासहित अत्याधुनिक उपकरणले उपचार गर्दछौं ।’ सेन्टरमा अहिले ९६ जना दक्ष चिकित्सक रहेका छन् । अस्पतालमा क्यान्सरबाट हुने रोग मानसिक, छाला रोग जस्ता रोगको पनि उपचारसमेत गरिन्छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.सं. १९८७/०५/२४गते

स्वर्गारोहणः वि.स. २०७८/१०/११ गते

**स्व. राम बहादुर बडगामी**

यस धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति कुँडहर पोखरा-१२/१३ का हितैषी शुभचिन्तक तथा नेपाली प्रजातान्त्रिक आन्दोलनका अग्रज राजनयिक, सामाजिक एवं धार्मिक व्यक्तित्व आदारणीय बुबा **राम बहादुर बडगामी**को ९२ वर्षको उमेरमा ब्रह्मलिन हुनु भएकोमा हामी अतिनै दुखित छौं । उहाँको घर टाढा मोहरिया टोल भएर पनि यस धार्मिक क्षेत्रको माथि मन्दिर परिसरमा आई नारेश्वरको वोट रोपी चौतारी बनाई यस धार्मिक संस्थालाई जुन गुन लगाउनु भयो यहाँ आउने भक्तजनहरुलाई जुन छाहारी दिनुभयो यस्तो पुण्य कार्यको हामी स्मरण गर्दै उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुखद घडीमा उहाँका सोकसन्तप्त परिवारजन, आफन्त बन्धुबान्धव सबैमा धैर्यधारण गर्न सक्ने शक्ति श्री भद्रकाली माताले प्रदान गरुन् भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं । अन्त्यमा कालीमाताले हामी सबैको कल्याण गरुन् ।

**योगेन्द्रमान श्रेष्ठ**

**अध्यक्ष एवं**

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**

**कुँडहर, पोखरा-१२/१३**